7

# संविधान सभा
## न्याय प्रणाली सम्बन्धी समिति
## विशेषज्ञहरुले गर्नु पर्ने काम को विवरण (TOR)

**१. नेपालको न्यायिक संरचनाको ढाँचा :**

- वि.सं. १९९७ सालदेखि २००७ साल हुदै हालसम्मका संवैधानिक विकास क्रममा नेपालको न्यायिक संरचनाको ढाँचा, न्यायपालिकाको तह, स्वरुप, अधिकार क्षेत्र एवं न्यायाधिशहरुको नियुक्ति बर्खास्ती तथा महान्यायाधिवक्ताको संवैधानिक स्थिति, काम, कर्तव्य र अधिकार समेतका सम्बन्धमा विश्लेषणात्मक रुपमा समितिलाई जानकारी गराउने ।

**२. न्यायिक संरचनाको ढाँचा :**

- विभिन्न कानून प्रणाली भएका तोकिएका मुलुकहरुमा विद्यमान न्यायपालिकाको संरचनाको वारेमा तुलनात्मक अध्ययन गरी समितिलाई जानकारी गराउने ।
- स्वतन्त्र न्यायापालिकाको महत्व र त्यसका आधारभूत सैद्धान्तिक अवधारणा र व्यवहारिक पक्षहरुको वारेमा समितिलाई जानकारी गराउने ।
- स्वतन्त्र न्यायपालिकाको लागि प्रशासनिक र वित्तिय स्वायत्तताको सम्बन्धमा अन्य मुलुकमा भएका व्यवस्थाहरुको तुलनात्मक अध्ययन गरी समितिलाई जानकारी गराउने ।

**३. न्यायपालिकाको तह, स्वरुप र अधिकार क्षेत्र :**

- विभिन्न कानून प्रणाली भएका तोकिएका मुलुकहरुमा विद्यमान न्यायपालिकाको तह, स्वरुप, क्षेत्राधिकार सम्बन्धी विषयमा तुलनात्मक अध्ययन गरी समितिलाई जानकारी गराउने ।
- सामान्य अदालत वाहेक अन्य विशिष्टिकृत अदालतहरुको तह, स्वरुप, अधिकार क्षेत्र र अन्य आवश्यक विषयका वारेमा तुलनात्मक अध्ययन गरी समितिलाई जानकारी गराउने ।

**४. न्यायाधिशहरुको नियुक्ति, बर्खास्ती, सेवाका अन्य शर्त, काम, कर्तव्य तथा अधिकार र अन्य कुराहरु :**

- विभिन्न कानून प्रणाली भएका तोकिएका मुलुकहरुमा विद्यमान न्यायाधिशहरुको नियुक्ति, बर्खास्ती, अनिवार्य अवकाशको उमेरका सम्बन्धमा तुलनात्मक अध्ययन गरी समितिलाई जानकारी गराउने ।
- न्यायाधिशहरुको सेवाका अन्य शर्त, काम, कर्तव्य, अधिकार, अनुशासनको कारवाही र समितिले माग गरे बमोजिमका अन्य कुराहरुका सम्बन्धमा तुलनात्मक अध्ययन गरी समितिलाई जानकारी गराउने ।

**५. महान्यायाधिवक्ताको संबैधानिक स्थिति, काम, कर्तव्य र अधिकार तथा समितिको कार्यक्षेत्रसँग सम्बन्धित अन्य आवश्यक कुराहरु :**

- विभिन्न प्रणाली भएका तोकिएका मुलुकहरुमा विद्यमान महान्यायाधिवक्ताको संबैधानिक स्थिति, काम, कर्तव्य र अधिकारको वारेमा तुलनात्मक अध्ययन गरी त्यसको सैद्धान्तिक एवं व्यवहारिक पक्षका वारेमा समितिलाई जानकारी गराउने ।
- महान्याधिवक्ताको कार्यालयको संगठनात्मक स्वरुप, तहका सम्बन्धमा तुलनात्मक अध्ययन गरी समितिलाई जानकारी गराउने ।
- न्याय प्रणालीसँग सम्बन्धित अन्य आवश्यक विषयहरुको वारेमा समितिलाई जानकारी गराउने ।
- न्याय प्रणाली सम्वन्धी समितिसँग सम्बन्धित अवधारणा पत्र र प्रारम्भिक मसौदा तयार गर्न समितिलाई आवश्यक सहयोग गर्ने ।
- जनमत संकलनको लागि प्रश्नावली तयार गर्न समितिलाई सहयोग गर्ने र प्राप्त सुझावलाई संश्लेषण गरी निष्कर्ष निकाल्न सहयोग गर्ने ।
- अन्य भाषामा प्राप्त सामाग्रीहरुलाई नेपाली भाषामा रुपान्तरण गरी समितिको माग बमोजिम जानकारी गराउने ।

संविधान सभा
न्याय प्रणाली सम्बन्धी समिति
विस्तृत कार्य तालिका, २०६५
संविधान सभा नियमावली, २०६५ को नियम ८६ सँग सम्बन्धित

| क्रम संख्या | समयावधी | मुख्य चरणहरु | प्रमुख कार्यहरु | समितिको विस्तृत क्रियाकलाप |
|---|---|---|---|---|
| १ | २०६५।९।११ | ● कार्यतालिकाको तर्जुमा र विशेषज्ञ क्षेत्रको पहिचान | ● कार्य सम्पादन कार्य तालिका निर्माण<br>● विषयगत क्षेत्रको विस्तृत पहिचान<br>● संविधान निर्माण कार्यमा आवश्यक विशेषज्ञ सेवाको क्षेत्र पहिचान गरी सोको विस्तृत विवरण (TOR) बनाउने | ● समिति सचिवालयले तयार गरी समितिको बैठकमा पेश गरी बैठकबाट छलफल सहित पारित,<br>● जनशक्तिका लागि आवश्यक प्रारम्भिक अभिमुखीकरण कार्यक्रममा सहभागी गराउने । |
| २ | २०६५।९।१५ सम्म | ● समितिको कार्यतालिका सं. अध्यक्ष समक्ष पेश गर्ने,<br>● समितिका सदस्यहरु वीच न्याय प्रणाली सम्बन्धमा विचार आदान प्रदान/ आवश्यकतानुसार विज्ञहरुको समेत सहयोग लिन सकिने । | ● सभापतिबाट कार्य तालिका र विज्ञ आवश्यक पर्ने क्षेत्र सम्वन्धी प्रतिवेदन सं. अध्यक्ष समक्ष पेश, | ● सं. अध्यक्षबाट सबै समितिका सभापतीहरुको संयुक्त बैठक आव्हान गरी कार्यतालिका र विज्ञ आवश्यक पर्ने क्षेत्रलाई अन्तिम रुप दिने, |
| ३ | २०६५।९।१६ देखि २०६५।९।१८ सम्म | ● समितिको बैठक | ● कार्यक्षेत्रभित्रका विषयगत बुँदाहरु माथि प्रारम्भिक छलफल गर्ने,<br>● आवश्यकता अनुसार उप समिति गठन, उप समितिको संयोजक तोक्ने,<br>● सर्वोच्च अदालत, | ● न्यायिक संरचनाको ढाँचा,<br>● न्यायपालिकाको तह, स्वरुप र अधिकार क्षेत्र,<br>● न्यायाधिशहरुको नियुक्ति, बर्खास्ती, सेवाका अन्य शर्त, काम, कर्तव्य तथा अधिकार र अन्य कुराहरु,<br>● महान्यायाधिवक्ताको संवैधानिक स्थिति, काम, कर्तव्य र अधिकार तथा समितिको कार्यक्षेत्रसँग सम्बन्धित अन्य |

| | | | | |
|---|---|---|---|---|
| | | | महान्यायाधिवक्ताको कार्यालय एवं नेपाल वार एशोसियसनसँग सुझाव माग्ने,<br>● संचार माध्यम मार्फत सर्वसाधारण बाट सुझाव माग गर्ने,<br>● सुझाव संकलनको लागि प्रश्नावली तयार पार्ने । | आवश्यक कुराहरु,<br>● उल्लेखित कार्यक्षेत्रका सम्बन्धमा व्यापक छलफल गर्ने,.<br>● विशेषज्ञहरुबाट सुझाब लिने । |
| ४ | २०६५।९।१९ देखि २०६५।९।२७ सम्म | ● समितिको बैठक<br>–सभापतीको निर्वाचन<br>● उप समितिको बैठक | ● सभापती चयन ।<br>● पहिचान गरिएका विषयवस्तुमा विशेषज्ञहरु सँग छलफल । | ● सं. अध्यक्षबाट पुष २५ गते सभापतीको निर्वाचन हुने गरी मिति र समय तोक्ने ।<br>● उप समितिले सम्बन्धित विज्ञहरुसँग छलफल गरी विषयगत जानकारी लिने । |
| ५ | २०६५।९।२८ देखि २०६५।१०।२९ सम्म | ● राय सुझाव संकलनका लागि टोलीहरु गठन गर्ने<br>● राय सुझाव संकलन गर्ने | ● प्रस्तावित नयाँ बन्ने संविधानमा न्याय प्रणालीको अवधारणाको सम्बन्धमा व्यापक छलफल, विचार विमर्श गर्ने,<br>● यथासम्भव देहायका व्यक्ति, संस्थालाई आमन्त्रण गरी सुझाव माग गर्ने,<br>- विभिन्न विश्वविद्यालय अन्तर्गतका कानून संकाय, न्यायाधिश समाज, सरकारी वकील समाज, न्यायपालिका अधिकृत समाज, नागरिक समाज लगायत विशेषज्ञहरुसँग<br>- मधेशी, दलित, आदिवासी, जनजाती, महिला, मजदूर, किसान, अपांग, पिछडिएका वर्ग र क्षेत्रका संस्था/प्रतिनिधिहरुसँग<br>- अन्य सरोकारवालाहरुसँग | ● देशका विभिन्न क्षेत्रमा स्थलगत भ्रमण गरी परामर्श, छलफल र कार्यशाला गोष्ठीको आयोजना गरी राय सुझाव संकलन गर्ने,<br>● विशेषज्ञहरुबाट जानकारी प्राप्त गर्ने,<br>● सरोकारवाला निकायहरुसँग अन्तरक्रिया, छलफल, गोष्ठीको आयोजना गरी विषयगतरुपमा राय सुझाव संकलन गर्ने र आवश्यकतानुसार लिखित सुझाव समेत माग गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०६५।११।१ देखि २०६५।११।१४ सम्म | • उप समितिहरुले आ-आफ्नो अवधारणा पत्र तयार गर्ने । | • प्रत्येक उप समितिले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा प्रारम्भिक अवधारणा पत्र तयार गरी समितिमा पेश गर्ने । | • उप समितिले पेश गरेको प्रारम्भिक अवधारणा पत्र उपर समितिमा विस्तृत छलफल गर्ने । |
| ७ | २०६५।११।१५ देखि २०६५।११।१७ सम्म | • समितिको संयुक्त बैठक । | • समानान्तर समितिहरुसँग समन्वय कायम गर्ने । | • समानान्तर समितिहरुसँग आवश्यकतानुसार संयुक्त बैठक गर्ने । |
| ८ | २०६५।११।१८ देखि २०६५।१२।३१ सम्म | • अवधारणा पत्र,<br>• प्रारम्भिक मसौदा । | • विभिन्न निकायबाट प्राप्त सुझावलाई एकीकृत गरी अवधारणा पत्रलाई अन्तिम रुप दिने,<br>• अवधारणा पत्रका आधारमा प्रारम्भिक मसौदा निर्माणका लागि आवश्यकतानुसार उप समिति गठन गर्ने,<br>• उप समितिबाट प्राप्त प्रारम्भिक मसौदालाई छलफलका लागि समिति समक्ष पेश गर्ने । | • समितिको बैठकमा छलफल गरी अवधारणा पत्रलाई अन्तिम रुप दिने,<br>• प्रारम्भिक मसौदामाथि समितिमा विस्तृत छलफल गरिने,<br>• प्राप्त र संकलित सुझाव समेतलाई समावेश गरी प्रारम्भिक मसौदालाई अन्तिम रुप दिइने । |
| ९ | २०६६।१।२ देखि २०६६।१।१० सम्म | • प्रारम्भिक मसौदा प्रस्तुत । | • प्रारम्भिक मसौदालाई अन्तिम रुपमा संपादन गर्ने । | • प्रारम्भिक मसौदालाई अन्तिम रुप दिई संविधान सभामा पेश गर्ने । |

पुनश्च : उल्लेखित कार्यतालिका अनुसार कुनै काम तलमाथि पर्न गएमा वा कुनै कार्यक्रम छुट्न गएमा समितिले कार्यक्रम परिवर्तन तथा थपघट गर्न सक्नेछ ।

समितिबाट पारित मिति : २०६५।९।१५